# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।१४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

सुर्खेत जिल्ला साविक लगाम गाउँ विकास समिति वडा नं. ५ स्थित कोटदरवार सामुदायिक वन उपभोक्ता समुहका अध्यक्षले समुहको रकम हिनामिना गरेको, समूहको निर्णय बिना रकम निकाली बिल भरपाई बनाई हिनामिना गरेको, वन हेरालुलाई तोकिएको भन्दा बढी रकम दिएको फर्जी भरपाई बनाएर पेश गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा कोटदरवार सामुदायिक वन समुहका पूर्व अध्यक्ष बलबहादुर कठायतले काम नगरेका व्यक्तिहरुको फर्जी भरपाई बनाएको र वन हेरालुलाई तोकिएको भन्दा बढी पारिश्रमिक बुझेको भरपाई बनाई रु. ७९,०००।— (उनासी हजार) आर्थिक अनियमितता गरेको पुष्टि हुन आएकोले सुर्खेत जिल्ला चौकुने गाउँपालिका वडा नं. १ स्थित कोटदरवार सामुदायिक वन उपभोक्ता समूहका पूर्व अध्यक्ष बलबहादुर कठायतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको प्रमाणित हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम बिगो रु. ७९,०००।— कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय गरी दफा १७ बमोजिम हानिनोक्सानी गरी खाए मासेको बिगो रकमसमेत असुलउपर हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला